स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



पछिल्लो समय कलाकारहरुको नाम दुरुपयोग गरेर सामाजिक सञ्जालमार्फत पैसा उठाउने क्रम बढेको छ। हालै नायक अनमोल केसीको नामबाट पनि पैसा मागेको विवरणहरु सार्वजनिक भएका छन्। अनमोल आफैले सामाजिक सञ्जाल फेसबुकमार्फत सचेत गराउँदै आफूले कसैसँग पैसा नमागेको र नक्कली एकाउन्टबाट आएका आग्रहलाई बेवास्ता गर्न आग्रह गरेका छन्।

**आजको विचार...**



बाटो...
(दुई पेजमा)

सुदर्शन आचार्य



बलिउड सुपरस्टार सलमान खान शनिबार ६० औं जन्मदिन मनाउँदैछन्। यस अवसरमा गएराति उनले पनवेल फार्महाउसमा साथीभाइ र परिवारको उपस्थितिमा भव्यरुपमा आफ्नो जन्मदिन मनाए। शुक्रबार राति, उनका बुबा सलीम खानदेखि अभिनेत्री हुमा कुरेशीसम्म धेरै पाहुनाहरु बर्थडे पार्टीमा पुगे। मध्यरात हुनासाथ, सलमान कडा सुरक्षा व्यवस्थामा आफ्नो फार्महाउसबाट बाहिर निस्के र पापाराजीहरुसँगको विशेष क्षणसहित छोटो उत्सव मनाए।

❐ वर्ष ३१ अंक १५१ ❐ २०८२ पुस १३ गते आइतबार 28 December 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पा अस्पतालको स्तरोन्नति गर्न सरोकारवालाको प्रतिवद्धता

भरत शर्मा

**पाल्पा,** पुस १२/पाल्पा अस्पतालको स्तरोन्नति गर्न प्रतिवद्धत भएर लाग्ने जिल्लाका सरोकारवालाहरुले बताएका छन् । शनिबार पाल्पा अस्पतालले आयोजना गरेको नागरिक सरोकारवालाहरुसँगको छलफलमा उनीहरुले स्वास्थ्य जस्तो संवेदनशील विषयमा आफुहरु गम्भीर रहेको बताउँदै सरकारी अस्पतालको भौतिक पूर्वधारको विकाससँगै स्तरोन्नतिमा आफुहरु प्रतिवद्ध रहेको बताएका हुन् ।

कार्यक्रममा तानसेन नगरपालिकाका पूर्व नगर प्रमुख अशोक कुमार शाहीले पाल्पा अस्पतालको स्तरोन्नतिमा आफुले पहिलेदेखि नै पहल गर्दै आएको बताए । उनले भने "अस्पतालको भौतिक पूर्वाधारको विकास नभएसम्म सेवा प्रवाहको स्तरोन्नति हुँदैन । यसका लागि पहिले भौतिक पूर्वाधारको विकास हुन जरुरी छ । यसका लागि अस्पताल एक्लैको प्रयास सम्भव छैन । यसका लागि जनप्रतिनिधी, नागरिक समाज र राजनैतिक दलको सहयोग आवश्यक रहने गर्दछ ।" कार्यक्रममा अन्य सहभागी नागरिक अगुवाहरुले, अस्पतालमा विरामी बढ्नुका कारण नै सेवा गुणस्तरीय भएको बताउँदै भौतिक पूर्वाधार निर्माणमा सबैको साथ रहने बताए । उनीहरुले, विरामीसँगको शैली व्यवहार नरम हुनु पर्ने, छुट्टै शौचालय व्यवस्थापन हुनुपर्ने, गुणस्तरीय औषधी व्यवस्था हुनु पर्ने, अक्सिजन प्लान्ट मर्मत गरी सञ्चालन गर्नुपर्ने, विरामी जाँच गर्ने कोठा अलग्गै हुनुपर्ने लगायतका सुझाव राखेका थिए । विगत केही वर्ष यता यस अस्पतालले विरामीको सेवा प्रवाहमा उल्लेखनीय सफलता पाउँदै जाँदा विरामीको चाँप समेत थेग्नै नसक्ने गरि बढ्दै गएको छ । तर पर्याप्त भौतिक पूर्वधार नहुँदा सेवा प्रवाहमा अस्पतालले समस्या भोग्नु परेको छ । सरकारको नीति र कानुनका कारण अस्पतालको भौतिक पूर्वाधार निर्माणका लागि हरेक वर्ष आउने बजेट फ्रिज हुने गरेको अस्ताल विकास समिति अध्यक्ष अजय मान कर्माचार्यले बताए । अस्पताल निर्माण लागि १५ रोपनी जग्गा आवश्यक पर्ने सरकारी मापदण्ड भए पनि अस्पतालको ८ रोपनी जग्गा मात्र भएका कारण समस्या आएको उनको भनाई छ । जग्गा अभावका कारण भौतिक संरचना निर्माण गर्न नसकिएको अध्यक्ष कर्माचार्यले बताए । जग्गा व्यवस्थापनका लागि पाल्पाली नागरिक, राजनैतिक दल, र जनप्रतिनिधीको सहयोग आवश्यक रहको उनको भनाई छ ।



*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### यात्रुबाहक बस दुर्घटना सातको मृत्यु

(रासस/सिन्ह्वा)

**हनोई,** पुस १२/भियतनामको उत्तरी पहाडी प्रान्त लाओ काइमा शनिबार बिहान यात्रुबाहक बस पल्टिँदा कम्तीमा सात जनाको मृत्यु भएको छ भने अन्य धेरै जना घाइते भएका छन् । भियतनाम समाचार एजेन्सीले जनाएअनुसार दुर्घटनाको समयमा बसमा १९ जना यात्रु सवार थिए । प्रारम्भिक रिपोर्ट अनुसार उद्धार टोलीले बसभित्रबाट १० जना यात्रुलाई सुरक्षित बाहिर निकाल्न सफल भएका छन्, तर केही जना अझै बसभित्र फँसेका छन् । उद्धार कार्य जारी छ र स्थानीय अधिकारीहरूले बचेका यात्रुहरूको सुरक्षामा ध्यान दिइरहेका छन् । प्रारम्भिक अनुमान अनुसार बसमा ब्रेक सम्बन्धी समस्या आएको हुन सक्छ, जसका कारण बस ढलानको तल्लो भागमा पल्टिएको हुन सक्ने अधिकारीहरूले बताएका छन् । स्थानीय प्रहरी र यातायात विभागले दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन्। साथै, यातायात सुरक्षामा सुधार र यस्ता दुर्घटनालाई रोक्न आवश्यक कदम चालिने योजना बनाइएको छ । यो दुर्घटना उत्तरी भियतनामको दुर्गम पहाडी क्षेत्रमा सडक यातायातको चुनौती र सुरक्षा जोखिमलाई पुन: उजागर गरेको छ ।

## नेकपा पाल्पाले गर्‍यो उम्मेदवारको नाम सिफारिस





**पाल्पा,** पुस १२/ पाल्पाबाट नेपाल कम्युनिष्ट पार्टीका १० जना उम्मेदवार सिफारिस भएका छन् । जिल्ला कार्यसमितिको बैंठकले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचन र माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार सिफारिस गरेको हो ।

उसले प्रतिनिधि सभाको समानुपातिकतर्फ ६ जना र राष्ट्रिय सभातर्फ ४ जना उम्मेदवारको नाम सिफारिस गरेको छ । प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिकतर्फ पार्वती बिक (दलित महिला), बिष्णु माया थापा (जनजाति महिला) ,शान्ता न्यौपाने (खसआर्य महिला), पदम प्रसाद अर्याल (खसआर्य पुरुष), महमद रफि (मुस्लिम पुरुष ) र खुमबहादुर कुमाल (जनजाति पुरुष)लाई सिफारिस गरिएको नेकपाका नेता मथुरा ढकालले जानकारी दिए । उनका अनुसार राष्ट्रिय सभा निर्वाचनका लागि रामकृष्ण कार्की ( खुला), दल बहादुर राना (खुला),दुर्गा कुमारी भण्डारी (महिला), शान्ता सारु (महिला) सिफारिस भएका छन् ।

## आधुनिकताको कोलाहलमा हराउँदै 'डफला'बाजा

**लुम्बिनी (मर्चवार),** पुस १२/ कुनै समय तराई- मधेसका गाउँघरमा गुञ्जने 'डफला' बाजाको ताल सङ्गीत मात्र थिएन, यो जीवनका हरेक उकाली-ओरालीको साक्षी थियो । शुभकार्यमा मङ्गल धुन बन्ने र मृत्यु संस्कारमा अन्तिम बिदाइको गम्भीर स्वर बन्ने यो मौलिक बाजा अहिले अस्तित्व रक्षाका लागि सैर्षरत छ ।

"समयको परिवर्तनसँगै भित्रिएको डिजे र आधुनिक ब्यान्ड बाजाको चर्को स्वरले डफलाको मौलिक धुनलाई विस्तारै मधुरो बनाउँदै लगेको छ," लुम्बिनी सांस्कृतिक नगरपालिका-११ का दिनेश लोधले भने, "लोक-संस्कारको पर्याय मानिने डफला अहिले लोपोन्मुखअवस्थामा छ ।" 'डफला'नेपालमा अवध (मधेस) कोविशिष्ट पहिचान बोकेको एउटा प्राचीन र मौलिक ताल बाजा हो । यसको बनावटमा जति सादगी देखिन्छ, ध्वनि त्यति नै गम्भीर र मिठासपूर्ण हुन्छ । यो बाद्ययन्त्र खासगरीसिसौ वा कर्माको काठलाइगोलाकार घेरा (फ्रेम) बनाएर तयार पारिन्छ । डफलाको एकतर्फ बाख्रा वा गाईको प्रशोधित छाला मढिएको हुन्छ । देब्रे हातले समातेर दाहिने हातका औंला, हत्केला वा दुईवटा पातला लठ्ठी(स्टिक)को सहायताले यसलाई तालबद्ध रूपमा बजाइन्छ । यो मुख्यतया उल्लास, बिरह र बीरगाथा गायनमामा प्रयोग हुने मौलिक-साँस्कृतिक बाजा हो । डफलाको जीवन्त सम्बन्ध विशेषगरी होली, दीपावली र पञ्चमीलगायत अवध मधेसको संस्कृति र विभिन्न पर्वसँग पनि गाँसिएको छ । वसन्त पञ्चमीदेखि नै गाउँका चौतारा र दलानमा डफलाको तालमा 'होरी' (फागु गीत) गाउने परम्पराले आपसी सद्भाव र एकताको सञ्चार गर्दछ ।



*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वास्थ्य बिमाका समस्या समाधान गर

नागरिकलाई स्वास्थ्योपचारमा आर्थिक भार नपरोस् भन्ने उद्देश्यले चलाइएको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी नहुँदा यसबाट धेरैले लाभ लिन सकेका छैनन् । बीमा अन्तर्गतको सेवा लिन जाँदा प्रक्रियागत झन्झट, समयमा उपचार नहुने र अस्पतालमा धेरैजसो औषधि नपाइँदा निजी फार्मेसीबाट किन्नुपर्ने जस्ता समस्या सेवाग्राहीले भोग्ने गरेका छन् । यस्तै, दुर्गम भेगमा स्वास्थ्य बीमाको सेवा लिन तोकिएका स्वास्थ्य संस्था निकै टाढा हुँदा पनि सर्वसाधारणले लाभ लिन सकेका छैनन् । यी समस्याका कारण स्वास्थ्य बीमाप्रति नागरिकको रुचि घट्दो छ । स्वास्थ्य उपचारमा सहज पहुँचका लागि सञ्चालित कार्यक्रममै असुविधा र असहजता भएपछि बीमितहरूले बीमा नवीकरण नगराउने प्रवृत्ति देखिएको छ । यो अत्यन्त दुखद् हो । यसो हुनु हुँदैनथ्यो ।

संविधानले स्वास्थ्य सेवाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । यही सवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न स्वास्थ्य बिमाको विस्तार भएको हो । तर स्वास्थ्य बिमाका जटिलता हटाउँदै जानुपर्नेमा जटिलता थपिँदै गएका छन् । अहिले नागरिकले भन्न थालेका छन्, पैसा तिरेपछि उपचार सहज भएन् । सीमित अस्पतालमा मात्रै उपचार गर्न पाइने र ती अस्पतालमा सहज सेवा नहुँदा बिरामीलाई सास्ती भयो । स्वास्थ्य जाँच गर्न अस्पताल पुग्नेहरु झनै बिरामी परेर फर्कनुपर्ने बाध्यता आएको छ । जसले स्वास्थ्य विमा सेवाप्रति प्रश्न उठ्न थालेको छ । स्वास्थ्य मन्त्रालय र बीमा बोर्ड दुवैलाई समस्या छ भन्ने थाहा छ । तर समाधान गर्न चासो नदेखाउँदा नागरिकले अनाहकमा दु:ख खेप्नुपरेको त छ नै, कार्यक्रमको औचित्यमाथि पनि प्रश्न उठेको छ । त्यसो त बीमा बोर्डमा जनशक्ति अभावदेखि कतिपय अस्पतालले बिरामीलाई नचाहिने उपचार गराउने गरेको गुनासा नआएका पनि होइनन् । त्यति हुँदा पनि बीमा राष्ट्रिय बहस र चासोको विषय हो । तर कागजी रूपमा राम्रो देखिए पनि कार्यान्वयन गर्न नसक्ने हो भने यो कार्यक्रम अघि बढ्न सक्दैन । यसलाई अघि बढाउन सरकारले अब नयाँ र स्पष्ट नीति नै बनाउनुको विकल्प छैन ।

## Opinion @ Socia Network

जिन्दगिमा सबै पुगेकै छ
नपुगेको त त्यहीँ पैसा, सपना र निन्द्रा हो, पुराउँला नि कुनै दिन ।
*(सोम जर्घाको फेसबुक स्टाटसबाट www.facebook.com/Som.Jarga)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाटो बिराएर कता हिंड्दैछ नागरिक सरकार ?



## सुदर्शन आचार्य

*नेपालमा सबैभन्दा भ्रष्ट क्षेत्र राजनीति, कर्मचारी प्रशासन र यी दुवै निकायलाई क्षणभरमै घुमाउन सक्ने 'बिचौलिया' नै हुन् भन्ने सबैलाई थाहा छ ।*

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ समेतलाई अवसरका रूपमा लिएर गरिएको आर्थिक अनियमितताका विरुद्ध उत्साही युवाहरूले 'इनफ इज इनफ' आन्दोलन गरे। स्वास्थ्य क्षेत्र सुधारका लागि भन्दै डा. गोविन्द केसी निकै लामो समयदेखि पटक-पटक अनशनमै थिए । दलीय व्यवस्थामा दलका उपल्लो तहका 'नेता' सम्मिलित भ्रष्टाचारका बारे बोलिहाल्दा पद नै नपाइने खतरा दलहरूमा विद्यमान नै थियो । हामी नेपालीको भ्रष्टाचार विरुद्धको जनचेतना पनि अनौठो प्रकारको छ । हामी छिटोछरितो र आवश्यक कागजातको कमिको कारण कामै नबन्ने चिन्ताले मालपोत, नापी, यातायात जस्ता कार्यालयमा 'घुस' खुवाउँछौं र दौडिएर भ्रष्टाचार विरोधी सभामा ताली बजाउन पनि पुगिहाल्छौं । नागरिकस्तरबाट राज्यलाई अनियमितताका विरुद्ध दबाब दिनुपर्ने हामी स्वयम् सुशासन कायमका निम्ति खडा गरिएको अड्डा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग' माथि नै भिडियो लाइभ गर्दै आगो झोस्छौं । न्यायालय स्वयंलाई हामी 'सुशासन र पारदर्शिता'को विरोधी देख्छौं । यी र यस्तै हर्कतबाट 'समुन्नत नेपाल' निर्माण होला त ? प्रश्न हामी बीच नै घुमिरहेछ । नेपालमा सबैभन्दा भ्रष्ट क्षेत्र राजनीति, कर्मचारी प्रशासन र यी दुवै निकायलाई क्षणभरमै घुमाउन सक्ने 'बिचौलिया' नै हुन् भन्ने सबैलाई थाहा छ । हाम्रो विद्यमान कानून झनै अनौठो छ । भ्रष्टाचारको केस लागेर अदालत धाउँदै गरेको व्यक्ति उसको केसको टुंगो नलाग्दै निर्वाचनमा उम्मेदवार हुन पाउने व्यवस्था छ । अझ, भ्रष्टाचारको अभियोग लागेकै अवस्थामा निर्वाचन लडेका कतिपयलाई जनताले स-सम्मान मत दिएर चुनावै जिताएर पठाउँछन्, योभन्दा दु:खद् र दुर्भाग्य अरू के होला ! आफैंमा संगठित र सुदृढ हुनै नसकेकाले होला नेपालमा न नागरिक समाज बलिया भए न त, भ्रष्टाचार विरुद्ध नीतिनिर्माणमा दबाव नै दिन सके। दुवै कुरामा नागरिक समाज निष्प्रभावी भैदिए। हुँदाहुँदा नागरिक समाज समेत राजनीतिक झुकावमा पर्न पुग्दा उनीहरूको आवाज समेत सशक्त हुनै सकेन । राष्ट्रिय जनगणनाको पछिल्लो तथ्यांक अनुसार २१ लाख, क्यापिटल डेभलपमेन्ट फन्डका अनुसार २६ लाख र मूलधारका मिडियाले उल्लेख गरे अनुसार ५० लाख युवा विदेशमा छन् । सुशासनको विषय उठाएर 'जेनजी विद्रोह'ले दुई दिनमै सत्ता पलट गरिदिए पनि 'भ्रष्टाचार विरुद्धको आवाज' मुखरित गरिरहने शक्ति नेपालमा छैन । भ्रष्टाचारको केस लागेका व्यक्तिको पनि न्यायालयबाट विरलै 'भ्रष्टाचार' प्रमाणित भएको छ । भ्रष्टाचार प्रमाणित भएका व्यक्ति जेल जीवन व्यतित गरेर बाहिरिंदा स्वागतका लागि सडकमा 'प्रायोजित भीड' जम्मा भएको देख्दा लाग्छ- भ्रष्टाचारका केसमा जेल जानु पनि उपलब्धि ठान्ने नेपाली समाजमा चेतनाको स्तर कहिले उठ्ला ? भ्रष्टाचारका विरुद्ध सशक्त नहुनु भनेको परिवर्तनको आँधीलाई नजरअन्दाज गर्नु हो भन्ने तथ्य त जेनजी विद्रोहले प्रमाणित गरिदियो । हुन पनि, भदौ २३ र २४ अघि हामीले भ्रष्टाचारका घटना देख्यौं, तर घटनामा संलग्नलाई जेल हालेको देखेनौं । सरकारलाई प्रभावित पार्दै कालोबजारी गर्ने व्यक्ति देख्यौं, तर तिनको सम्पत्ति जफत गरेको देखेनौं । भ्रष्टाचारबाट आर्जित सम्पत्तिबाट निर्मित 'स्वीमिङ पुल'युक्त दरबार देख्यौं, तर जफत गरेर सरकारीकरण गरेको देखेनौं । हामी ध्वंसको विरोधी हौं, तर सोही कारण हुनुपर्दछ भदौ २४ मा 'राम्रा/नराम्रा' नछुट्याई एकनासले तिनका निवासमा आगो लगाइदिए । र, निर्घात कुटे पनि ! सुशासन विरोधी अभियान टुंगिएको छैन । अब कम्तीमा 'अख्तियार'ले अकुत सम्पत्ति कमाएको चित्र सहित अदालत पुर्‍याएको घटनामा 'क्लिन चिट' दिने तर, फैसलाको पूर्ण पाठ वर्षौंसम्म पनि नदिने पूर्व नासु रघुनाथ घिमिरेको जस्तो घटना न्यायालयबाट नदोहोरियोस्। आफैंभित्रको सैनिक अदालतबाट कारबाही गर्ने अधिकार प्राप्त नेपाली सेनाले फास्ट ट्र्याक होस् वा अन्य माइक्रो लेवलमा अध्ययन गरी अनियमितता घटाएर नेपाली सेना नेपाली जनताको हो भन्ने नजिर स्थापित गरोस्। जागिरका निम्ति पेश शैक्षिक योग्यताका प्रमाणपत्र समेत 'फेक' तयार गर्नेलाई नै पुन: बीमा प्राधिकरणको प्रमुखमा निरन्तरता दिने फैसलाले न्यायालयको गरिमा उठेको छैन । आज अनुगमनका नाममा कर्मचारीका प्रमुखहरू 'सपिङ' गर्न बोर्डरतिर घुम्दैछन् । डीपीआरका नाममा राज्यको अर्बौं बजेट अनियमितता गरिदैछ। एउटै योजनामा स्थानीय, प्रदेश र संघबाट बिल भुक्तानी गरिदैछ । न्यायपरिषद्मा न्यायाधीशकै विरुद्ध परेका उजुरीका फाइल पहिलो कुरो त जले होलान्, बाँकी नै रहेको भए पनि माकुराले जालो लगाएको दृश्य देख्न पाइन्छ । तब न जन्मियो जेनजी विद्रोह, अनि नेतृत्वले निर्घात कुटाइ खाए भनेर कसरी दु:खमनाउ गर्नु । यी सबै विकृतिका मुहानमा छन् राजनीतिक तहका नेतृत्व । भ्रष्टहरू भ्रष्टाचारको केस लुकाउन भ्रष्टाचार नियन्त्रण गर्ने निकायभन्दा 'दश कदम' अगाडि नै रहेको उनीहरूको उन्मुक्तिले देखाउँछ। बबई सिंचाइ आयोजनामा इन्जिनियर हुँदा नै अनियमितताको आरोप लागेका दिगम्बर झाले नेपाल आयल निगममा दोस्रो पटक प्रमुखमा नियुक्तिका लागि तत्कालीन मन्त्री लेखराज भट्टलाई '१० करोड घुस' प्रस्ताव गरेको समाचार सोही समयमा बाहिरिएको थियो । तिनै झाको नेतृत्वमा नेपाल दूरसञ्चार प्राधिकरणमा १३ अर्बको परियोजना अनुगमन र सर्वेक्षण नै नगरी दिइएको र अर्को १० अर्बको परियोजना क्षमताविहीन कम्पनीलाई साढे ३ अर्बमा ठेक्का दिइएको भनेर छानबिन समितिले औंल्यायो । पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र डा. बाबुराम भट्टराई सबैका पालमा 'नियुक्ति खरिद' गर्न सक्ने झाको बैंक खाता जाँच गर्दा केवल ५४ लाख मात्र भेटियो ! स्पष्टै छ- यी र यस्ता व्यक्तिले आर्जन गरेको सम्पत्ति हुण्डी मार्फत विदेश पुर्‍याउँछन् । जसका लागि हतियारदेखि अन्य उपकरण तथा हवाईजहाजसम्मको ठेक्कामा क्रियाशील 'बिचौलिया'ले उनीहरूलाई पूर्ण रूपमा साथ दिएको अनुमान लगाउन कठिन छैन । तिनै झा अहिले 'टेरामक्स' प्रकरणमा ३ अर्ब २१ करोड ८३ लाख घोटाला प्रकरणमा विशेष अदालतमा मुद्दा खेपिरहेछन् । ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिष्टम (टेरामक्स) प्रकरणको मुद्दा विशेष अदालतमा अहिले जारी छ । 'बिचौलिया' पक्राउ नपर्ने हो भने जेनजी विद्रोहपश्चात् निर्मित 'नागरिक सरकार' समेत भ्रष्टाचार नियन्त्रणको सवालमा असफल हुने अवस्था छ। मुलुकको सफलता-असफलता वा जात, वर्ण, लिंग, धर्म, भूगोल, दिनरात, विकास-विनाश केही कुराको पनि प्रभाव नहुने 'समूह' भनेकै 'बिचौलिया' हुन्। बिचौलियाहरू नेपाल असफल राष्ट्र भए देश छाडेर बाहिरिन्छन्। सहज भए मात्र फाट्टफुट्ट देखा पर्ने हुन्। बिचौलिया र तिनीद्वारा परिचालित राजनीतिक तह र कर्मचारी प्रशासनका उपल्लो तहहरूको विदेशमा रहेको 'घरघडेरी र बैंक ब्यालेन्स' राज्यले खोजी गर्ने प्रयत्न गर्ने हो भने निकै ठूलो परिमाणमा स्रोत भेटिने निश्चितप्राय: छ। तर, राज्यको त्यो 'लेवल'सम्म आँट होला, प्रश्न अनुत्तरित छ। भ्रष्टाचार नियन्त्रण गर्ने दायित्व 'अख्तियार'को समेत भएकाले अख्तियारले केही गर्न सकेन भन्ने सतही 'भाष्य' निर्माण गरेर मात्र सुशासन सम्भव छैन। मुलुकभित्रका भ्रष्टाचार र भ्रष्टाचारबाट आर्जित सम्पत्तिको छानबिनको विषय एकछिनलाई थाती राखौं। सम्पत्ति व्यवस्थापन तथा विभिन्न अपराधबाट आर्जित 'कालो धन'बारे विश्वव्यापी रूपमै अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्स ( एफएटीएफ)ले नेपाललाई पुन: 'ग्रे लिष्ट'मा राखेको छ। उच्च सरकारी स्रोत भन्छ- उसले केही नाम चलेका नेपाली 'बिचौलिया'को नामै तोकेर 'कारबाही' गर्न सक्छौं भनेर प्रश्न गरिरहेको छ। तर, न हिजोका न आजका कुनै पनि सरकार बिचौलियाको छेउसम्म पनि पुग्न सकेका छैनन्। सुशासनको निम्ति स्कूले बालबालिकाले दिएको बलिदानबाट निर्मित सरकारका प्रधानमन्त्री सुशीला कार्कीले सम्पत्ति शुद्धीकरणको ग्रे लिष्टबाट बाहिरिन चासो दिएको समाचार बाहिर आयो। उनको चासो मेटाउन उपस्थित अधिकारीले सम्पत्ति शुद्धीकरण कसुरमा समयमै अनुसन्धान तथा अभियोजनको प्रक्रियामा लैजाने, अपराधबाट आर्जित सम्पत्ति रोक्का र जफत गर्ने जस्ता विषयमा प्रगति भएको 'रेडिमेड' जवाफ दिइएको समाचार बाहिरिएको छ। प्रश्न उठ्छ- के नेपालले अपराधबाट आर्जित बिचौलियाको सम्पत्ति जफतसम्म गरेर ग्रे लिष्टबाट बाहिरिने उच्च लेवलको मनोबल देखाउन सक्ला ? वा अबको यात्रा 'ब्ल्याक लिष्ट' उन्मुख होला । नागरिक सरकारसँग जेनजी विद्रोहका शहीद र घाइतेले माथि उल्लिखित प्रश्नको जवाफ खोजिरहेछन्। नेपालका सन्दर्भमा पनि 'नागरिक सरकार' भ्रष्टाचारका विरुद्धमा निर्मम बन्न, अख्तियार, भ्रष्टाचारको अनुसन्धान र अभियोजनमा शक्तिशाली बन्न र न्यायालय भ्रष्टमैत्री नभई दिनेसँगै राजनीतिक तह दिनभर भष्टाचार विरोधी भाषण गरेर रातभर बिचौलियासँग नरमाइदिने हो भने नेपाल बन्न कठिन छैन। तर, यहाँनेर प्रश्न उठ्छ, नेपाल सरकारले पनि गोडवरलाई झैं विदेशमा रमाएर बसेका बिचौलियाको पहिचान गरी तिनलाई नेपाल भित्र्याएर जेलको यात्रा तय गराउन सक्ला ? प्रश्न अनुत्तरित छ । कठिन कुरा नै कहाँ रहृयो भन्दा (समग्र न्यायालय र न्यायकर्मीलाई भन्न खोजिएको होइन) न्यायालयमा न्याय नभेटिने, राजनीतिक क्षेत्रमा इमानदारी नपाइने, राष्ट्रसेवकले जनतालाई सेवा दिने बाहेक सबै गर्ने, कानून बनाउन संसद्मा पुगेका प्रतिनिधि 'कानून' बनाउन बाहेक बाँकी काममा सक्षम हुने, सत्तामा पुगेका नेतालाई पार्टी र संगठनमा रगत-पसिना बगाउने कार्यकर्ता भन्दा बिचौलिया प्यारो लाग्ने अनौठो चित्र नेपालमा आज देखिंदैछ। चप्पल पड्काएर राजधानी छिरेका राजनीतिकर्मी र एउटै कोठामा १० जनासम्म डेरा बसेर लोकसेवा पास गरेका कर्मचारीबाट प्रजातन्त्र हुँदै गणतन्त्रसम्ममा जनताले गरेको अपेक्षा भनेकै ती व्यक्ति 'आदर्श पुरुष' बनिदिउन् भन्ने नै थियो। तर, समय यस्तो आयो कि आजका मितिमा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई वा मनमोहन अधिकारी जीवित थिए भने उनीहरूले पनि विकृत राजनीतिका नाममा सम्भवत: कुटाइ खान्थे ! यो सबै हुनुका पछाडि प्रसूति गृहदेखि आर्यघाटसम्म हुने भ्रष्टाचार नै हो। हुँदाहुँदा हाम्रो राजनीतिक प्रणाली नै यस्तो भयो कि, हरेक राजनीतिकर्मी र कर्मचारी संयन्त्र भ्रष्ट देखिने स्थिति बन्यो। यसबाट बाहिर निस्कन सानोतिनो प्रयत्नले पार लाग्ने अवस्था देखिएको छैन। त्यसका निम्ति हरेक राजनीतिक दलभित्रका विचार र उमेरले 'युवा'सँगै सशक्त नागरिक समाज र प्रभावकारी मिडियाले ऐतिहासिक भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ। त्यसो भयो भने मात्र नेपाल असफल राष्ट्र बन्नबाट बाहिर निस्कन सक्ला । अन्यथा, हामी असफल राष्ट्रका नागरिक बन्नबाट कसैले रोक्न सक्ने छैन । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिश्रमको तुलनामा आयस्रोत कम रहनेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। | **तुला** : योग्यताको उचित मूल्यांकन हुनेछ। व्यापारमा लाभहुनाले मन प्रसन्न रहनेछ |
| **वृष** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। योजनाहरू अघि बढाउन सकिनेछ। | **वृश्चिक** : परोपकारको काममा संलग्न भइएला। नयाँ दौडधुप गर्नुपर्ला। |
| **मिथुन** : व्यवसायमा छोटो समयमा राम्रो उपलब्धि हात लागि हुनेछ। | **धनु** : नयाँ कार्य प्रारम्भ गर्न सक्नुहुनेछ। खानपिनमा सजगता अपनाउनुहोस्। |
| **कर्कट** : धन खर्चका योग छन्। नयाँ लगानीबाट फाइदा हुनेछ। | **मकर** : दिगो लाभ हुने कार्य प्रारम्भ गर्न सकिनेछ। मन प्रफुल्लित रहनेछ। |
| **सिंह** : स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। आर्थिक पक्ष सामान्य रहेको छ। | **कुम्भ** : सोचेको कार्य समयमा सम्पादन गर्न नसक्नाले मनमा निराशा छाउनेछ। |
| **कन्या** : कानुनी मुद्दा मामलाहरू सुल्झिनेछन्। स्वास्थ्य सबल रहनेछ। | **मीन** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |

**कृषि**

# खरबारी सुन्तला बगैँचामा परिणत



म्याग्दी म्याग्दीको मङ्गला गाउँपालिका-३ भेडाबारी र भोर्लेनीका किसानले भिरालो पाखो खरबारीलाई सुन्तला बगैँचामा परिणत गरेका छन् । कोदो, मकैलगायत परम्परागत खाद्यबाली खेती हुने बारीलाई सुन्तला बगैँचामा रुपान्तरण गरिएको हो । सुन्तलाखेतीले पाखो र खरबारीको रूप मात्र नभएर किसानको जिवनस्तरमा समेत सुधार ल्याएको छ । अगुवा किसान ओम गिरीले विगतमा खाद्यबाली लगाउने र पशुका लागि खरघाँस पाइने खरबारी रहेको पाखोमा स्थापना गरेको सुन्तलाले उत्पादन दिन थालेपछि अवस्था फेरिएको बताए । "पाँच सय सुन्तलाका बोट भएको मेरो बगैँचाबाट यसपालि करिब रु ११ लाखको सुन्तला बिक्री भयो", उनले भने, "पहिले एक पाथी कोदो फल्ने बारीको पाटामा लगाएको सुन्तलाबाट रु एक लाख आम्दानी भयो ।" गिरीका अनुसार सुन्तलाले बजार पाउन थालेपछि पछिल्लो समय घरवरपरको पाखोमा खरबारीमा झाडी फाडेर पनि बगैँचा विस्तार गर्ने क्रम बढेको छ । भेडाबारीको ४६ रोपनी पाखोबारी सुन्तला बगैँचामा परिणत भएको छ । भेडाबारीका तीन घर गिरी दाजुभाइको बगैँचाबाट यसपालि रु २५ लाखको सुन्तला बिक्री हुने अनुमान गरिएको उनले बताए । विसं २०४६ मा स्व रुद्र गिरीले भेडाबारीमा सुन्तलाखेती भित्र्याएका थिए । हजुरबुबाले सुरुआत गरेको सुन्तलाखेतीलाई उनका तीन भाइ छोरा र नौ भाइ नातिहरुले पनि निरन्तरता दिएको प्रेम गिरीले बताए । "अरु ठाउँमा बसाइँसराइका कारण गाउँका खेतबारी बाँझिएर झाडीमा परिणत भइरहेको अवस्थामा हामी पेसा, व्यवसायका लागि बजार झरेका छौँ । विदेशमा भए पनि सुन्तलाखेतीलाई निरन्तरतासँगै विस्तार पनि गरेका छौँ", उनले भने, "नगदेबाली भएकाले बजारमा हुनेले फुर्सदको समयमा घरमा पुगेर श्रम गर्छौं, विदेशमा भएका दाजु, भाइले मजदुर लगाएर बगैँचा व्यवस्थापन र हेरचाह गर्नुभएको छ ।" समुद्री सतहदेखि करिब एक हजार मिटर उचाइमा पूर्व फर्किएको भिरालो पाखो भएको भेडाबारीको भूगोल, माटो र जमिन सुन्तलाखेतीका लागि उपयुक्त छ । सडक सुविधा विस्तारसँगै भेडाबारीको छिमेकी भोर्लेनी टोलका बासिन्दाले पनि सुन्तलाखेती विस्तार गरेका छन् । भोर्लेनीका किसानले स्थापना गरेको नयाँ बगैँचामा लगाएको सुन्तलाका बोटमा पनि फल लाग्न थालेको छ । विसं २०७३ मा भोर्लेनी र भेडाबारीलाई 'सुन्तलाबारी' घोषणा गरेर सुन्तलाखेती विस्तार अभियान चलाइएको प्रेमले बताए । सुन्तलाखेतीबाट विगतमा दैनिक गुजारा चलाउन पनि कठिन हुने आफूहरुको जीवनस्तरमा अहिले धेरै परिवर्तन आएको उनको अनुभव छ । मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि पोक हुँदै भोर्लेनी र भेडाबारी जोड्ने कच्ची सडक छ । सिँचाइका लागि पानीको स्रोत पर्याप्त छ । मङ्गला गाउँपालिकाको कृषि विकास शाखा र बेनीको कृषि विकास कार्यालयले प्राविधिक सहयोग गरेका छन् । गाउँमै गाडी पुग्ने भएपछि सुन्तलाको बजारीकरणमा सहज भएको छ । यस वर्ष प्रतिकिलो रु ७० का दरले त्यहाँको सुन्तला बगैँचा रोल्पाका फलफूल व्यवसायी बास्कर बुढाले ठेक्का लिए । स्वादिलो र रसिलो हुने भएकाले भेडाबारीको सुन्तला बिक्रीमा समस्या नभएको व्यवसायी बुढाले बताए ।

*-रासस*

# बागलुङमा धान उत्पादन बढ्यो



बागलुङ, यसवर्ष बागलुङमा धान उत्पादन बढेको छ । समयमा वर्षा हुँदा उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गत वर्षको तुलनामा यसवर्ष ८४ दशमलव चार मेट्रिकटन धान उत्पादन भएको केन्द्रकी सूचना अधिकारी प्रतिभा शर्माले जानकारी दिइन् । अघिल्लो वर्ष २० हजार मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष २० हजार ७८४/४ मेट्रिकटन उत्पादन भएको छ । अघिल्लो वर्ष रोपाइँ सकिएपछि धानमा जरा कुहिने रोग लाग्दा उत्पादनमा ह्रास आएको भन्दै यसपाली कम क्षति हुँदा उत्पादन केही परिणाममा बढेको शर्माले बताइन । बागलुङ धान उत्पादनमा आत्मनिर्भर छैन । यहाँका किसानले खुमल ४, जेठो बुढो, लुम्ले २, भिनुवा, खुमल ११, खुमल बासमती १०, मार्सी, जडन लगायतका जात लगाइएकोखेती गर्दै आएको शर्मा बताउनुछिन् । पछिल्लो समय आइब्रिड जातका धानखेती गर्न थालेको उनको भनाइ छ । "धानखेती तर्फ किसानको चासो बढी छ, अघिल्लो वर्षको तुलनामा यसवर्ष झण्डै १०० मेट्रिकटन धान बढी उत्पादन भएको छ, गत वर्षको तुलनामा यसवर्ष वर्षा पनि समयमै भयो, जरा कुहिने रोगले पनि कम क्षति गर्दा उत्पादन बढेको हो" शर्माले भिनन्,"किसानले धान खेतीलाई प्राथमिकता दिएको पाइन्छ, खेती गरेको क्षेत्रफलका हिसाबले उत्पादकत्व ठिकै हो ।" जिल्लाको पश्चिम गलकोट, रेशा, सिगाना, जैदी, छिस्तीलगायतका क्षेत्रमा बाहेक धेरै स्थानमा सिँचाइको व्यवस्था छैन । यसवर्ष धान भित्र्याउने समयमा ठूलो वर्षा भए पनि उत्पादन नघटेको गलकोट नगरपालिका-६ का किसान कृष्ण खत्रीले बताए । अघिल्लो वर्षको तुलनामा तीन मुरी धान बढी उत्पादन भएको उनको भनाइ छ । जैमिनी नगरपालिका-७ का नरेन्द्र पौडेलले गतवर्ष १३ मुरी धान उत्पादन भएको खेतमा यसवर्ष १६ मुरी फलेको बताए । गत वर्ष वर्षा ढिलो हुँदा सिँचाइमा गर्न नपाएको भन्दै यसवर्ष त्यस्तो समस्या नभएको सुनाए । बागलुङमा ४६ हजार १४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्र खेती हुँदै आएको छ । छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइ सुविधा छ ।

*-रासस*

# तीन हजार किसान काँक्रा बेचेर मनग्य कमाउँदै



नवलपरासी नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-१ जुकेपानीका किसान काँक्रा टिप्न र बिक्री गर्न व्यस्त छन् । स्थानीय रवीन्द्र रजालीले विगत २६ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती गर्दै आएका छन् । दुई बिघामा खेती गर्नुभएका उहाँले लागत खर्च कटाएर वार्षिक रु २० लाखसम्म आम्दानी हुने गरेको बताए । उनले भने, "एक बाली धान लगाएर काँक्रा लगाउने गरेकामा अहिले तीन बालीसम्म काँक्रामात्रै लगाउने गरेका छौँ ।" तरकारी सुपरजोन कार्यक्रमका संयोजक तथा किसान थमन रजालीका अनुसार हुप्सेकोट गाउँपालिकामा करिब तीन हजार किसान काँक्राखेतीमा संलग्न छन् । रजालीले भने, "हामीले १४ वर्षदेखि काँक्राखेती गरिरहेका छौँ । यस वर्ष ८० टनभन्दा बढी बिक्री गर्ने लक्ष्य छ ।" कार्यक्रमका संयोजक रजालीकाअनुसार कृषि पकेट क्षेत्रका रूपमा परिचित हुप्सेकोट गाउँपालिकाको वडा नं १ मा अधिकांश किसानले काँक्रा फलाउने गरेका छन् । उनीहरूको व्यावसायिकता साँच्चिकै लोभलाग्दो छ । वर्षमा तीन बाली काँक्राखेती गर्ने उनीहरूलाई आर्थिक अभाव विरलै हुन्छ । धान बालीमात्र लगाउँदै आएकी दिलमाया परियारले काँक्राबाट मनग्ये आम्दानी गर्न सकिने थाहा पाएपछि छ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती लगाउँदै आएका छन् । "दुई कठ्ठामा लगाएको काँक्राबाट खर्च कटाएर वर्षमा रु दुई लाखसम्म आम्दानी हुने गरेको छ", परियारले भने । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका अनुसार हुप्सेकोट गाउँपालिकाको वडा नं १, २, ३ र ४ मा तीन सय ५० हेक्टर क्षेत्रफलमा भक्तपुरे लोकलसहित अन्य काँक्राको व्यावसायिक खेती हुने गरेको छ । भदौको अन्तिमदेखि फागुनसम्म निरन्तर उत्पादन हुने काँक्रा काठमाडौँ, बुटवल, नारायणगढलगायतका ठूला बजारमा बिक्रीका लागि लगिने गरिएको छ । समूहसँगै व्यवसाय दर्ता गरी काँक्राखेतीमा रमाएका किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, प्लास्टिक मल्चिङ्ग, प्याकेजिङ प्लास्टिक, तराजु, डोरीलगायत सामग्री गाउँपालिकाले सहयोग गर्दै आएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताए । गाउँपालिका क्षेत्रबाट उत्पादन हुने सागसब्जी बजार पुऱ्याउन पनि पालिकाले सहयोग गर्दै आएको छ ।

*-हिमालय टाइम्स डटकम*

# अलैँचीको निर्यात ६० प्रतिशतले बढ्यो



चालु आर्थिक वर्ष २०८२-०८३ को मङ्सिर मसान्तसम्ममा अलैँचीको निर्यात ६० दशमलव १० प्रतिशतले बढेको छ । मेची भन्सार कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा रु पाँच अर्व ५३ करोड ३२ लाख ४९ हजार बराबरको अलैची निर्यात भएको छ । पाँच महिनाको अवधिमा दुई हजार ६२२ दशमलव १० मेट्रिक टन अलैँची निर्यात भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईले जानकारी दिए । अघिल्लो आव २०८१-०८२ को सोही अवधीमा रु तीन अर्ब ४५ करोड ६३ लाख बराबरको अलैँची निर्यात भएको उनले बताए । कार्यालयको तथ्याङ्अनुसार चालु आवको पाँच महिनामा चियाको निर्यात ३१ दशमलव ४० प्रतिशतले घटेको छ । उक्त अवधिमा रु एक अर्व ८५ करोड ६२ लाख सात हजार मूल्य बराबरको चिया निर्यात भएको छ । अघिल्लो आव २०८१-०८२ को सोही अवधिमा रु दुई अर्व ७० करोड ३९ लाख ३६ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईले जानकारी दिए । कार्यालयको तथ्याङ्कअनुसार निर्यात हुने मुख्य वस्तुहरूमा भेनीयर सिट १२९ दशमलव ९० प्रतिशत, छुर्पी ३२ प्रतिशत, अदुवा, सुठो ४८ दशमलव ७० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ४८१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी प्लाउड ४६ प्रतिशत, अम्रिसो ३५ दशमलव ५० प्रतिशत र फलामे पाता निर्यातमा ९७ दशमलव ८० प्रतिशतले कमी आएको छ । मेची भन्साबाट चालु आव २०८२-०८३ को पहिलो पाँच महिनामा रु १० अर्ब ७१ करोड ५४ लाख १३ हजार बराबरको मालवस्तु निर्यात भएको छ ।

*-रातोपाटी डटकम*

# पुस्तक व्यवसायी महासंघ पाल्पाको अधिवेशन

## अध्यक्षमा पुनः पन्थी



**पाल्पा,** पुस १२/नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ पाल्पाको ८ औं अधिवेशन तथा १६ औं वार्षिक साधारण तानसेनमा भएको छ । महासंघको शनिबार एक औपचारिक कार्यक्रमकाबिच अधिवेशन भएको हो ।

अधिवेशनको महासंघका केन्द्रीय सल्लाहकार मनहरी बस्यालले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि बस्यालले पुस्तक जीवनको जन्मदेखी मृत्युसम्मको साथी र साक्षी रहेको बताए । उनले भने "जीवनलाई जीवन्तता दिन किताबले महत्वपूर्ण भूमिका खेलेको छ । नीजि विद्यालयले किताब, कपि बेच्ने होइन्, सबै पेशाका सीमितता हुन्छन् ।" बस्यालले बौद्धिक उत्थानको महान साधन किताब तथा स्टेशनरी सामुहिक भावनाको व्यवसाय भएको बताए । महासंघका केन्द्रीय सदस्यहरु रामकृष्ण चापागाईं र रामु अधिकारीले संगठन, व्यवसायिकता र सेवा-भावनासँग व्यवसाय जोडिएको बताए । उनीहरुले व्यवसायीको अधिकार सुनिश्चित गर्न महासंघ लागि परेको बताए । कार्यक्रममा महासंघका सल्लाहकार केदारलाल श्रेष्ठ, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, रुपन्देही जिल्ला शाखा अध्यक्ष दिपक पाठक, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपाने, प्याब्सन पाल्पा अध्यक्ष डाँसुराम पन्त लगायतले ज्ञान, शिक्षा र चेतनाको आधारशिला पुस्तक भएकाले समयमै उपलब्ध भएमा विद्यार्थीको चेतना वृद्धिमा सहयोग पुग्ने बताए । अधिवेशनले अध्यक्षमा राम प्रसाद पन्थीलाई पुनः निर्विरोध निर्वाचित गरेको छ । जसको प्रथम उपाध्यक्षमा युवराज पन्त, दितिय उपाध्यक्ष शिव प्रसाद पाण्डे, सचिवमा विष्णु प्रसाद खनाल, सह- सचिवमा यमबहादुर कार्की, कोषाध्यक्षमा ज्योति कार्की, सह कोषाध्यक्षमा हरिबहादुर बाह्रघरे रहेका छन् । सदस्यहरुमा सञ्जय घर्ती, लक्ष्मण भण्डारी, संगीता भट्टराई, सुरेन बोहरा, जमुना न्यौपाने र सिर्जना ढकाल रहेको निर्वाचन संयोजक नरेशचन्द्र भट्टराईले जानकारी दिए । अधिवेशनले तीन सदस्यीय लेखा समिति समेत चयन गरेको छ । जसको संयोजकमा ताराबहादुर सुनारी, सदस्यमा मीन प्रसाद बस्याल र सन्तोष श्रेष्ठ रहेका छन् । सचिव बिष्णु खनालले साङ्गठनीक प्रतिवेदन प्रस्तुत गर्दै ७ बैठकबाट विविध निर्णय गर्दै कार्यक्रम गरिएको बताए । अध्यक्ष राम प्रसाद पन्थीको अध्यक्षता, उपाध्यक्ष युवराज पौडेलको स्वागत, सचिव बिष्णु खनालको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

# पाल्पा अस्पतालको...

...अस्पतालमा दरवन्दी अनुसार चिकित्सक नभएता पनि आफुहरुले विरामीको लागि सक्दो सेवा दिएको अस्पतालका मेडिकल अफिसर डा. विपिन पौडेलले बताए । उनले अस्पतालमा दक्ष विज्ञ चिकित्सकहरु रहेको र विरामीको लागि आवश्यक पर्ने सबै सेवा गुणस्तरीय भएका कारण दैनिक ५०० हाराहारीमा विरामी आउने गरेको उल्लेख गरे । उनले अस्पतालबाट विरामीलाई दिइने सेवा र औषधीमा ढुक्क हुन समेत सबैलाई आग्रह गरे । अस्पतालले न्युनतम सेवा मापदण्डको आधारमा समेत यस वर्ष ६७ प्रतिशत अंक प्राप्त गरेको छ । विभिन्न सूचकका आधारमा मापन गरिँदा अस्पतालले सो अंक पाएको हो । यो विगतको तुलनामा सुधारोन्मुख अंक हो । अघिल्लो वर्षको मापन अनुसार ६४ प्रतिशत रहेकोमा अहिले ३ प्रतिशत बढेको हो । २०८० मा भने ५४ प्रतिशत अंक अस्पतालले पाएको थियो । अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा, सरसफाइ, वहिरङ्ग सेवा, इमर्जेन्सी सेवा, प्रयोगशाला, फार्मेसी, व्यवस्थापन लगायतका विषयलाई मुख्य आधार मानेर न्यूनतम सेवा मापदण्ड र सम्पादनका आधारमा अस्पतालले यस वर्ष कुल ६७ प्रतिशत अङ्क अर्थात् ६०२ नम्वर प्राप्त गरेको हो । लुम्बिनी प्रदेश सरकार स्वास्थ्य निर्देशनालयले मापन गरेको विभिन्न सुचकका आधारमा अस्पतालले सो अंक प्राप्त गरेको छ ।

# आधुनिकताको कोलाहलमा...

..."डफला', 'डफ' वा 'डफली' बिशेषगरी दलित समुदायभित्रका चमार र धरिकारआदिको जातिय पहिचानसँग सम्बन्धित एक विशिष्ट तालवाद्य यन्त्र हो", मोछू चमारले भने । "जसलाई हामीले आफ्नो चाडपर्व, विवाह एवं सांस्कृतिकउत्सवमा मुख्य बाजाको रूपमा प्रयोग गर्दछौं ।" लुम्बिनी सांस्कृतिक बिरहा समुहका ६० वर्षीय डफला वादक राम उजागिर चमारका अनुसार यसको उत्पत्तिको कथा अध्यात्मिक छ । उनले भने, "हाम्रा पुर्खाले सुनाएअनुसार 'डफला' भगवान शिवको डमरु र खैंझडीको विकसित स्वरूप हो । जब भगवान शिवले ताण्डव नृत्य गरे, त्यसको काललाई धर्तीमा उतार्न काठ र छालाको मिश्रणबाट घेराकार'डफला' बाजा बनाइएको हो ।" अर्का वादक चिट्टू चमारका अनुसार आदिम कालमा खुसी व्यक्त गर्ने माध्यम खोज्दा प्रकृतिको प्रतिध्वनिलाई पछ्याउँदै काठको टोड्कामा छाला मढेर बजाउँदा यसको पहिलो आवाज निस्किएको लोकविश्वास छ । तर, आधुनिकताले आफ्नो पेसा नै विस्थापित गरिदिएको उनको दु:खेसो छ । सम्मरीमाई गाउँपालिका-७ बेतकुइयाँका ८० वर्षीय झगरु मुरावका अनुसार, "नयाँ पुस्तामा आधुनिकताप्रतिको आकर्षण, वैदेशिक रोजगारीको मोह, सामाजिक सम्मानको कमी र न्यून आर्थिक लाभका कारण डफलाको ताल र यसको पुरानो बैभव सम्झनामा मात्र सीमित हुन थालेको छ ।" लोक-संस्कृतिका जानकार एवं त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. त्रिभुवन बरइले यो सीप निश्चित समुदायमा मात्र सीमित रहनुलाई सङ्कटको कारण बताए । उनले भने, "आधुनिक सङ्गीतले भन्दा डफलाले दिने आत्मिक शान्ति र सांस्कृतिक गहिराइ बिस्तारै हराउँदै गएको छ । डफलालाई सङ्ग्रहालयमा मात्र सीमित हुन नदिन स्थानीय सरकारले चासो देखाएको भन्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यवाहक प्रमुख कल्पना हरिजनले कलाकारलाई प्रोत्साहन भत्ता र सामाजिक सम्मान दिनु आवश्यक रहेको बताए । पेसागत पुस्तान्तरण नहुँदा यो कला लोप हुने अवस्थामा पुगेको भन्दै उनले सामूहिक डफला वादन प्रतियोगितालाई बढावा दिने बताए । त्यस्तै, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वसीउद्दीन खाँले 'डफला'लाई विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिए । उनले भने, "यो सीपलाई जातीय घेराभन्दा बाहिर ल्याएर इच्छुक जो कोहीलाई पनि तालिम दिने व्यवस्था मिलाउनुपर्छ । राज्य र समुदाय दुबैले यसको संरक्षणमा सक्रियता नदेखाए डफलाको इतिहास किताबका पानामा मात्र सीमित हुनेछ ।" ***---रासस***

## खेलकुद समाचार

# राष्ट्रिय खेलकुद परिषदका पाँच सदस्य नियुक्त



**काठमाडौं,** पुस ११/युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले राष्ट्रिय खेलकुद परिषदको बोर्ड सदस्यमा पाँच जनालाई नियुक्त गरेका छन् । गुप्ताले रिक्त भएको सदस्यमा क्रिकेट प्रशिक्षक जगत टमाटा, रग्बी संघका संघका बोर्ड सदस्य सन्तकुमार मेहता, नेपाल एसोसिएसन अफ ऱ्याफटिङ एजेन्सिज (नारा) को तर्फबाट रोजेश खड्का, नेपाल तेक्वान्दो संघको तर्फबाट कुमार लामा घिसिङ र उद्योग बाणिज्य महासंघको सिफारिसमा प्रयास कार्की रहेको मन्त्रीका स्वकीय सचिव विनोद रिमालले जनाकारी दिए । टमाटा खेल विज्ञ क्लस्टरमा नियुक्त भएका हुन् । राष्ट्रिय खेल संघको सिफारिसमा घिसिङ र मेहताले जिम्मेवारी पाए । यस्तै पराम्परागत, शाहासिक र पर्यटकीय खेल क्षेत्रको प्रतिनिधित्व हुने गरी रोजेश खड्कलाई ल्याइएको हो। प्रयास कार्कीलाई उद्योग वाणिज्य महासंघले सिफारिस गरेको थियो । यसअघि मन्त्रीले जेनजी प्रतिनिधिलाई पनि नियुक्त गर्ने बताए पनि यसपटक कुनै पनि सदस्य जेनजीबाट नियुक्त भएका छैनन् । अब बोर्ड सदस्य रिक्त रहेको मध्ये एक जना महिला राष्ट्रिय खेल संघको सिफारिसमा नियुक्त हुन बाँकी छ । नियुक्त भएका पाँचै जनलाई खेलकुद मन्त्री गुप्ताले आजै सपथ खुवाएका छन्। यसअघि ६ जना बोर्ड सदस्यको पदावधि समाप्तपछि उक्त पद रिक्त थियो ।


वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# लुम्बिनीमा समाचार महोत्सव



**भैरहवा,** पुस १२/बुद्ध जन्मस्थल लुम्बिनीमा शनिबारदेखि 'तेस्रो लुम्बिनी न्युज फेस्टिबल' सुरु भएको छ । रूपन्देहीस्थित लुम्बिनी प्रेस क्लबको आयोजनामा तीन दिने महोत्सव सुरु भएको हो । महोत्सवमा 'मोफसल'को पत्रकारिता, सैँयतामा पत्रकारिता क्षेत्रको संरचना, आर्थिक विकास र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा पत्रकारिताको भूमिका, समाचारका विषय, लेखन र साहित्य, कलाका विषयमा नेपालमा अग्रज पत्रकार, सम्पादक, लेखक, संवाददाता सहभागी भएर बहसको सिर्जना गरिने छ ।

महोत्सवमा नेपाल र भारतका सञ्चारकर्मीको सहभागिता रहेको छ । शनिबार साँझ सहभागीका लागि साइसिन र मायादेवी मन्दिरमा दीप प्रज्ज्वलनको कार्यक्रमबाट फेस्टिवलको सुरुवात गरिएको क्लवका अध्यक्ष कमल रायमाझीले बताए । उनका अनुसार आइतबार बिहान ८ बजे मुख्यमन्त्री चेतनारायण आचार्यले फेस्टिवलको उद्घाटन गर्नेछन् । त्यसपछि नेपाल-भारतका सञ्चारकर्मी, पर्यटन सरोकारवालाको सहभागितामा विभिन्न शीर्षकमा तीन सत्र सञ्चालन गरिनेछन् । सोमबार बिहान लुम्बिनीको पर्साचोकबाट मायादेवी मन्दिरसम्म पिस हेरिटेज वाक आयोजना गरिएको छ । त्यसपछि एक घण्टा पत्रकार आचारसंहिता अनुशिक्षण रहेको छ । त्यसपछि फेस्टिवलको समापन लगत्तै लुम्बिनी प्रेस क्लबको ११ औं स्थापना दिवस मनाएर कार्यक्रम सकिने छ । यसअघि २०७६ र २०८० सालमा फेस्टिवल आयोजना गरिएको थियो । २०७६ मंसिरमा आयोजना गरिएको पहिलो फेस्टिवलमा काठमाडौंस्थित मूलधारका ५० भन्दा बढी सम्पादक तथा पत्रकार सम्बद्ध संस्थाका प्रतिनिधि र मुलुकभरबाट सञ्चारकर्मी गरेर तीन सय जनाको सहभागिता रहेको थियो । दोस्रो पटक स्थानीय रूपमा कार्यक्रम आयोजना गरिएको थियो ।


भाषा र संस्कृतिको संरक्षण तथा प्रवद्धन गरौं।

-मौलिक संस्कृतिको रक्षा गरौं।

-राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।

-मातृभाषाको सम्मान गरौं।

-परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्द्धन गरौं।

-महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।

-सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्द्धन गरौं।

-सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।

-आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई